"खानेपानी, सडक, विद्युत, कृषि, पर्यटन, संचार, खेलकुद, स्वास्थ्य, शान्तिसुरक्षा र शिक्षा पौवादुङमावासीलाई उपलब्ध गराउने गाउँपालिकाको ईच्छा"

# पौवादुङमा गाउँपालिका
# गाउँकार्यापालिकाको कार्यालय

च्याङ्ग्रे, भोजपुर
कोशी प्रदेश, नेपाल

पत्र संख्या:- ०७९/८०
चलानी नं.:-

मितिः-२०७९/१२/१५

(छाप: पौवादुङमा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय च्याङ्ग्रे, भोजपुर कोशी प्रदेश, नेपाल)

**विषय: ध्यानाकार्षण सम्वन्धमा**

प्रस्तुत विषयमा कुनै एक जिल्लाबाट अर्को जिल्लामा पशु , पशु जन्य पदार्थ पैठारी वा ढुवानी गर्दा **'पशु ढुवानी मापदण्ड,२०६४'** को परिच्छेद नं. ४ को दफा १२ को १ बमोजिम अनुसार दर्ता वाला पशु चिकित्सकले पशुहरुको परिक्षण गरि प्रमाणित गरेको **भेटेरिनरी स्वास्थ्य प्रमाण पत्र** अनिवार्य हुनुपर्ने भनि उल्लेख गरेएको छ तर यस भोजपुर जिल्ला बाट पशु तथा पशु जन्य पदार्थ निकासि गर्दा वडा, गाउँपालिका, नगरपालिकाको कार्यालय वा पशु शाखाका प्राविधिकको सामान्य सिफारिसको आधारमा तथा कुनै आधार विना नै प्रशासन ले निर्वाध रुपमा निकासी तथा पैठारि गर्न दिएको खबर प्राप्त भएको छ र उक्त कृयाकलाप प्रति गम्भिर आपत्ती जनाउदै ध्यानकार्षण गराउन चाहान्छौं। साथै जुन 'पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५' विपरित भएको पनि जानकारी गराउन चाहान्छौ। आगामि दिनमा यसकिसिमको त्रुटि नगर्न ,नगराउनु हुन सम्वन्धित पक्ष र पशु ढुवानिकर्तालाई अनुरोध छ । साथै यदि नियम विपरीत कार्य गरेमा कानुनी रुपमा सम्वन्धित व्यक्ति र पक्ष जिम्बेवार हुनु पर्ने छ।

पुनश्चः पशु ढुवानिको लागि 'पशु ढुवानी मापदण्ड,२०६४' को अनुसुची १ मा उल्लेख गरे बमोजिम पशु चिकित्सकले प्रमाणिकरण गरेको **भेटेरिनरी प्रमाणपत्र** पशु ढुवानिकर्ता संग अनिवार्य रुपमा हुनपर्ने छ।

**बोधार्थ:**
श्री जिल्ला प्रशासन कार्यालय, भोजपुर

12/15

डा. रामकृष्ण पौडेल
पशु चिकित्सक

(छाप: डा. रामकृष्ण पौडेल पशु चिकित्सक (अधिकृत छैठौं))